“ मीठे बच्चे– बेहदको छात्रवृत्ति लिनको लागि अभ्यास गर– एक बाबा सिवाय अरू कोही पनि याद नआओस्।”

प्रश्नः– बाबाको बनेपछि पनि खुसी हुँदैन भने त्यसको कारण के हो?

उत्तरः– १) बुद्धिमा पूरा ज्ञान हुँदैन। २) बाबालाई यथार्थ रीतिले याद गर्दैनन्। याद नगर्ने हुनाले मायाले धोका दिन्छ, त्यसैले खुसी हुँदैन। तिमी बच्चाहरूको बुद्धिमा नसा रहोस्– बाबाले हामीलाई विश्वको मालिक बनाउनु हुन्छ, अनि सदा उल्लास र खुसी हुन्छ। बाबाको जुन वर्सा छ– पवित्रता, सुख, शान्ति यसैमा सम्पूर्ण बन्यौ भने खुसी हुन्छ।

ओम् शान्ति। ओम् शान्तिको अर्थ त बच्चाहरूलाई राम्ररी थाहा छ– म आत्मा, यो मेरो शरीर। यो कुरा राम्ररी याद गर। भगवान अर्थात् आत्माहरूका पिताले हामीलाई पढाउनु हुन्छ। यस्तो कहिल्यै सुनेका छौ? उनीहरूले त सम्झन्छन् श्रीकृष्णले पढाउँछन्, तर उनको त नाम-रूप छ नि। यो पढाउनेवाला त हुनुहुन्छ निराकार बाबा। आत्माले सुन्छ र परमात्माले सुनाउनु हुन्छ। यो नयाँ कुरा भयो नि। विनाश त हुनु नै छ। एउटा हुन्छ विनाशकाले विपरीत बुद्धि, अर्को हुन्छ विनाशकालै प्रीत बुद्धि। पहिला तिमीले पनि भन्थ्यौ– ईश्वर सर्वव्यापी हुनुहुन्छ, पत्थरमा पनि हुनुहुन्छ। यी सबै कुरालाई राम्ररी सम्झाउनु छ। यो त सम्झाइएको छ– आत्मा अविनाशी हो, शरीर विनाशी हो। आत्मा कहिल्यै घट्ने-बढ्ने हुँदैन। त्यो आत्मा यति सानो हुन्छ, त्यति सानो आत्माले नै ८४ जन्म लिएर सारा अभिनय गर्छ। आत्माले शरीरलाई चलाउँछ। सर्वोच्च बाबाले पढाउनु हुन्छ भने अवश्य पद पनि उच्च मिल्छ। आत्माले नै पढेर पद प्राप्त गर्छ। आत्मालाई कसैले देख्दैन। धेरै कोसिस गर्छन्– हेरौं आत्मा कसरी आउँछ, कहाँबाट निस्कन्छ? तर थाहा हुँदैन। कसैले केही देखे भने पनि बुझ्न सक्दैनन्। यो त तिमीले बुझ्छौ, आत्माले नै शरीरमा निवास गर्छ। आत्मा अलग हो, जीव अलग हो। आत्मा सानो-ठूलो हुँदैन। जीव सानोबाट ठूलो हुन्छ। आत्मा नै पतित र पावन बन्छ। आत्माले नै बाबालाई बोलाउँछ– हे पतित आत्मालाई पावन बनाउनेवाला बाबा आउनुहोस्। यो पनि सम्झाइएको छ– सबै आत्माहरू हुन् प्रियतमा र उहाँ हुनुहुन्छ राम, एक प्रियतम। उनीहरूले फेरि सबैलाई प्रियतम भनिदिन्छन्। अब पति सबैमा प्रवेश गरुन् यो त हुन सक्दैन। बुद्धिमा यो उल्टो ज्ञान भएका हुनाले तल गिर्दै अएका हुन् किनकि बाबाको धेरै ग्लानि गर्छन्, पाप गर्छन्, बदनाम गर्छन्। बाबाको अत्यन्तै धेरै निन्दा गरेका छन्। बच्चाहरूले कहाँ पिताको निन्दा गर्छन् र! तर आजकाल रिसाए भने पितालाई पनि गाली गर्न थाल्छन्। यहाँ त हुनुहुन्छ बेहदका बाबा। आत्माले नै बेहदका बाबाको बदनामी गर्छ– बाबा, हजुर कछुवा-माछा अवतार हुनुहुन्छ। श्रीकृष्णको ग्लानि गरेका छन्– रानीहरूलाई भगाए, यो गरे, मखन चोरे। तर मखन आदि चोर्ने उनलाई के को आवश्यक पर्यो। कति तमोप्रधान बुद्धि बनेका छन्। बाबा भन्नुहुन्छ– म आएर तिमीलाई पावन बनाउने धेरै सहज युक्ति बताउँछु। बाबा नै पतित-पावन सर्वशक्तिमान अधिकारी हुनुहुन्छ। जसरी साधु-सन्त आदि जति पनि छन्, उनीहरूलाई शास्त्रहरूका अधिकारी भन्छन्। शङ्कराचार्यलाई पनि वेद-शास्त्र आदिका अधिकारी भन्छन्, उनको कति आडम्बर हुन्छ। शिवाचार्यको त कुनै आडम्बर हुँदैन, उहाँका साथ कुनै पल्टन छैन। उहाँले त बसेर सबै वेद-शास्त्रहरूको सार सुनाउनु हुन्छ। यदि शिवबाबाले आडम्बर देखाउने भए पहिला यिनको पनि आडम्बर हुनुपर्छ। तर हुँदैन। बाबा भन्नुहुन्छ– म त तिमी बच्चाहरूको सेवक हुँ। बाबा यिनमा प्रवेश गरेर बच्चाहरूलाई सम्झाउनु हुन्छ– प्यारा बच्चाहरू! तिमीहरू पतित बनेका छौ। तिमी पावन बनेर फेरि ८४ जन्म पछि पतित बनेका हौ। यिनैको इतिहास-भूगोल फेरि दोहोरिन्छ। यिनले नै ८४ जन्म भोगेका छन्। फेरि उहाँले नै सतोप्रधान बन्ने युक्ति बताउनु हुन्छ। बाबा नै सर्वशक्तिमान हुनुहुन्छ। ब्रह्माद्वारा सबै वेद-शास्त्रहरूको सार सम्झाउनु हुन्छ। चित्रमा ब्रह्मालाई शास्त्र लिएको देखाउँछन्। तर वास्तवमा शास्त्र आदिको कुरा हुँदै होइन। न बाबासँग शास्त्र छन्, न यिनीसँग, न तिमीहरूसँग शास्त्र छन्। उहाँले त तिमीलाई नित्य नयाँ नयाँ कुरा सुनाउनु हुन्छ। यो त जानेका छौ– सबै शास्त्रहरू भक्तिमार्गका हुन्। मैले कहाँ शास्त्र सुनाउँछु र! मैले त तिमीहरूलाई मुखबाट सुनाउँछु। तिमीहरूलाई राजयोग सिकाउँछु। फेरि त्यसको नाम भक्तिमार्गमा गीता राखिदिएका छन्। मसँग वा तिमीसँग कुनै गीता आदि छन् र? यो त पढाइ हो। पढाइमा अध्याय, श्लोक आदि कहाँ हुन्छन्! मैले तिमी बच्चाहरूलाई पढाउँछु, हुबहु कल्प कल्प यसरी नै पढाइरहन्छु। कति सहज कुरा सम्झाउछु– आफूलाई आत्मा सम्झ। यो शरीर त माटो हुन्छ। आत्मा अविनाशी छ, शरीर त घरी घरी जलिरहन्छ। आत्माले

एक शरीर छोडेर अर्को लिन्छ।

बाबा भन्नुहुन्छ– म त एकै पटक आउँछु। शिवरात्रि पनि मनाउँछन्। वास्तवमा हुनु पर्ने हो शिव जयन्ती। तर जयन्ती भन्नाले माताको गर्भबाट जन्मेको हुन्छ, त्यसैले शिवरात्रि भनिदिन्छन्। द्वापर-कलियुगको रात्रिमा मलाई खोज्छन्। सर्वव्यापी हुनुहुन्छ भन्छन्। आफैमा भए फेरि धक्का किन खान्छन्! जसरी एकदमै देवताबाट आसुरी सम्प्रदायका बन्छौ। देवताहरूले कहिल्यै मदिरा पिउँछन् र? तिनै आत्माहरू गिरेपछि फेरि मदिरा पिउन थाल्छन्। बाबा भन्नुहुन्छ– अब यो पुरानो दुनियाँको विनाश पनि हुनु नै छ। पुरानो दुनियाँमा अनेक धर्म छन्, नयाँ दुनियाँमा एक धर्म हुन्छ। एकबाट अनेक धर्म भएका छन् र फेरि अवश्य पनि एक हुन्छ। मनुष्यले त भनिदिन्छन्– कलियुगको अझै ४० हजार वर्ष बाँकी छ, यसलाई भनिन्छ घोर अन्धकार। ज्ञान सूर्य प्रगटा, अज्ञान अन्धेर विनाश। मनुष्यहरूमा धेरै अज्ञान छ। बाबा ज्ञान सूर्य, ज्ञान सागर आउनु हुन्छ अनि तिम्रो भक्तिमार्गको अज्ञान हट्छ। तिमीले बाबालाई याद गर्दा-गर्दै पवित्र बन्छौ, खाद निस्कन्छ। यो हो योग अग्नि। काम अग्निले कालो बनाइदिन्छ। योग अग्नि अर्थात् शिवबाबाको यादले गोरो बनाउँछ। श्रीकृष्णको नाम पनि राखेका छन्– श्याम सुन्दर। तर अर्थ कहाँ बुझ्छन् र। बाबा आएर अर्थ सम्झाउनु हुन्छ। पहिला सत्ययुगमा कति सुन्दर हुन्छन्। आत्मा पवित्र सुन्दर भएपछि शरीर पनि पवित्र सुन्दर लिन्छ। त्यहाँ कति धनदौलत र सबै कुरा नयाँ हुन्छ। नयाँ धरती फेरि पुरानो हुन्छ। अब यो पुरानो दुनियाँको विनाश अवश्य पनि हुने नै छ। खुब तयारी भईरहेको छ। भारतवर्ष निवासीहरूले त्यति बुझ्दैनन्, जति उनीहरूले हामीले आफ्नै कुलको विनाश गरिरहेका छौं भन्ने सम्झन्छन्। कोही प्रेरक छ। विज्ञानद्वारा हामीले आफ्नै विनाश ल्याउँछौं। यो पनि जान्दछन् क्राइस्ट भन्दा ३ हजार वर्ष पहिला स्वर्ग थियो। यी देवी-देवताहरूको राज्य थियो। भारतवर्ष नै प्राचीन स्थान हो। यस राजयोगबाट लक्ष्मी-नारायण यस्ता बनेका थिए। त्यो राजयोग फेरि बाबाले नै सिकाउन सक्नुहुन्छ। संन्यासीले सिकाउन सक्दैनन्। आजकाल कति ठगी हुन थालेको छ। बाहिर गएर भन्छन्– हामीले भारतवर्षको प्राचीन योग सिकाउँछौं। फेरि भन्छन् अण्डा खाऊ, मदिरा आदि पिए हुन्छ, जे पनि गर। अब उनीहरूले कसरी राजयोग सिकाउन सक्छन्। मनुष्यलाई देवता कसरी बनाउने छन्। बाबाले सम्झाउनु हुन्छ– आत्मा कति उच्च छ फेरि पुनर्जन्म लिँदा लिँदा सतोप्रधानबाट तमोप्रधान बन्छ। अब तिमीले फेरि स्वर्गको स्थापना गरिरहेका छौ। त्यहाँ अर्को कुनै धर्म हुँदैन। अब बाबा भन्नुहुन्छ– नर्कको विनाश त अवश्य पनि हुने नै छ। यहाँसम्म जो आएका छन् उनीहरू फेरि स्वर्गमा अवश्य आउने छन्। शिवबाबाको अलिकति मात्र ज्ञान सुने भने पनि स्वर्गमा अवश्य जान्छन्। फेरि जति पढ्छन्, बाबालाई याद गर्छन् त्यति उच्च पद पाउने छन्। विनाश काल त अहिले सबैको लागि हो। विनाश कालमा जो प्रीत बुद्धि हुन्छन्, बाबा सिवाय अरू कसैको याद गर्दैनन्, उनीहरूले नै उच्च पद पाउँछन्। यसैलाई भनिन्छ बेहदको छात्रवृत्ति, यसमा त रेस गर्नु पर्छ। यो हो ईश्वरीय चिट्ठा। एकातिर याद, अर्को दैवी गुण धारण गर्नु छ र राजा-रानी बन्नु छ, प्रजा पनि बनाउनु छ। कसैले धेरै प्रजा बनाउँछन्, कसैले कम। प्रजा बन्छन् सेवाबाट। सङ्ग्रहालय, प्रदर्शनी आदिबाट धेरै प्रजा बन्छन्। यस समयमा तिमीले पढिरहेका छौ फेरि सूर्यवंशी-चन्द्रवंशी राज्यमा जान्छौ। यो हो तिमी ब्राह्मणहरूको कुल। बाबाले ब्राह्मण कुललाई गोदमा लिएर उनीहरूलाई पढाउनु हुन्छ। बाबा भन्नुहुन्छ– मैले एक कुल र दुई राज्य बनाउँछु। सूर्यवंशी महाराजा-महारानी, चन्द्रवंशी राजा-रानी। यिनीहरूलाई भनिन्छ डबल शिरताज फेरि पछि जब विकारी राजा हुन्छन्, अनि उनीहरूको पवित्रताको ताज हुँदैन। ती डबल ताज हुनेहरूको मन्दिर बनाएर तिनीहरूको पूजा गर्छन्। पवित्र रहनेको अगाडि शिर झुकाउँछन्। सत्ययुगमा यी कुरा हुँदैनन्। त्यो हो नै पावन दुनियाँ, त्यहाँ पतित हुँदैनन्। त्यसलाई भनिन्छ सुखधाम, निर्विकारी दुनियाँ। यसलाई भनिन्छ विकारी दुनियाँ। एकजना पनि पावन छैन। संन्यासीहरू घरबार छोडेर भाग्छन्, राजा गोपीचन्दको पनि उदाहरण छ नि। तिमीलाई थाहा छ– कुनै पनि मनुष्यले एक अर्कालाई गति सद्गति दिन सक्दैन। सबैको सद्गतिदाता म नै हुँ। म आएर सबैलाई पावन बनाउँछु। एक त पवित्र बनेर शान्तिधाम जान्छौ र अर्को पवित्र बनेर सुखधाममा जान्छौ। यो हो अपवित्र दु:खधाम। सत्ययुगमा बिमारी आदि केही पनि हुँदैन। तिमी त्यो सुखधामको मालिक थियौ फेरि रावण राज्यमा दु:खधामको मालिक बनेका छौ। बाबा भन्नुहुन्छ– कल्प-कल्प तिमीले मेरो श्रीमतमा स्वर्गको स्थापना गर्छौ। नयाँ दुनियाँको राज्य लिन्छौ। फेरि पतित नर्कवासी बन्छौ। देवताहरू नै फेरि विकारी बन्छन्। वाममार्गमा गिर्छन्।

मीठा-प्यारा बच्चाहरूलाई बाबाले आएर परिचय दिनुभएको छ– म एकै पटक पुरुषोत्तम सङ्गमयुगमा आउँछु। म युग युगमा त आउँदै आउँदिनँ। कल्पको सङ्गमयुगमा आउँछु, नकि युग युगमा। कल्पको सङ्गममा किन

आउँछु? किनकि नर्कलाई स्वर्ग बनाउँछु। हरेक पाँच हजार वर्षपछि आउँछु। कति बच्चाहरूले लेख्छन्– बाबा, हामीलाई खुसी हुँदैन, उल्लास हुँदैन। अरे, बाबाले तिमीलाई विश्वको मालिक बनाउनु हुन्छ, यस्ता बाबालाई याद गर्दा तिमीलाई खुसी हुँदैन! तिमीले पूरा याद गर्दैनौ तब खुसी हुँदैन। पतिलाई याद गर्दा खुसी हुन्छन्, जसले पतित बनाउँछ तर बाबा जसले डबल शिरताज बनाउनु हुन्छ, उहाँलाई याद गर्दा खुसी हुँदैन! बाबाका बच्चा बनेका छौ फेरि पनि भन्छौ खुसी हुँदैन! पूरा ज्ञान बुद्धिमा छैन। याद गर्दैनौ त्यसैले मायाले धोका दिन्छ। प्यारा बच्चाहरूलाई कति राम्ररी सम्झाउनु हुन्छ। कल्प कल्प सम्झाउनु हुन्छ। आत्माहरू जुन पत्थरबुद्धि बनेका छन् उनीहरूलाई पारसबुद्धि बनाउँछु। ज्ञानका सागर बाबा आएरै ज्ञान दिनुहुन्छ। उहाँ हरेक कुरामा सम्पूर्ण हुनुहुन्छ। पवित्रतामा सम्पूर्ण, प्रेममा सम्पूर्ण। ज्ञानका सागर, सुखका सागर, प्रेमका सागर हुनुहुन्छ नि। यसरी बाबाबाट तिमीलाई यो वर्सा मिल्छ। यस्तो बन्नको लागि नै तिमी आउँछौ। अरू ती सतसङ्ग आदि सबै हुन् भक्तिमार्गका। त्यसमा लक्ष्य-उद्देश्य केही पनि छैन। यसलाई त गीता पाठशाला भनिन्छ, वेद पाठशाला होइन। गीता ज्ञानद्वारा नरबाट नारायण बन्छौ। बाबाले नै बनाउनु हुन्छ। मनुष्यले मनुष्यलाई देवता बनाउन सक्दैनन्। बाबाले बारम्बार बच्चाहरूलाई सम्झाउनु हुन्छ– प्यारा बच्चाहरू! आफूलाई आत्मा सम्झ। तिमी कहाँ देह हौ र! आत्माले भन्छ– मैले एक देह छोडेर अर्को लिन्छु। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रुहानी बाबाको रुहानी बच्चाहरूलाई नमस्ते। रुहानी बच्चाहरूको रुहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) जसरी शिवबाबाको कुनै आडम्बर छैन, सेवक बनेर बच्चाहरूलाई पढाउनको लागि आउनु भएको छ, त्यसैगरी बाबा समान अधिकार भएर पनि निरहङ्कारी रहनु छ। पावन बनेर पावन बनाउने सेवा गर्नु छ।

२) विनाश कालको समयमा ईश्वरीय चिट्ठा लिनको लागि प्रीत बुद्धि बनेर यादमा रहने वा दैवी गुणहरूको धारण गर्ने रेस गर्नु छ।

वरदानः– शुद्ध सङ्कल्पको घेराउद्वारा सुरक्षाको अनुभव गर्ने र गराउने शक्तिशाली आत्मा भव

शक्तिशाली आत्मा ऊ नै हो जसले दृढताको शक्तिद्वारा सेकेन्ड भन्दा कम समयमा व्यर्थलाई समाप्त गर्छ। शुद्ध सङ्कल्पको शक्तिलाई चिन, एक शुद्ध वा शक्तिशाली सङ्कल्पले धेरै कमाल गर्न सक्छ। केवल कुनै पनि दृढ सङ्कल्प गर अनि मात्र दृढताले सफलता ल्याउनेछ। सबैको लागि शुद्ध सङ्कल्पको बन्धन, घेराउ यस्तो बाँध जो कोही अलिकति कमजोर छ भने पनि उसको लागि पनि यो घेराऊ एक छत्रछाया बनोस्, सुरक्षाको साधन वा किल्ला बनोस्।

स्लोगनः– सबैभन्दा श्रेष्ठ भाग्य उसको हो जसलाई प्रत्यक्ष भगवानद्वारा पालना, पढाइ र श्रेष्ठ जीवनको श्रीमत मिल्छ।